# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग २, संख्या ६ , मिति २०८० भाद्र ३१ गते

## भाग-२
## तिनाउ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तिनाउ गाउँपालिकाको
## पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८०

प्रस्तावना :

तिनाउ गाँउपालिका दोभान, पाल्पा भित्र पशु सेवा शाखा मार्फत संचालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम तिनाउ गाँउपालिकाले "पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८०" तयार गरि लागू गरेको छ ।

परिच्छेद - १

<u>"प्रारम्भिक"</u>

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिको नाम "पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८०" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. यो कार्यविधि तिनाउ गाँउपालिका दोभान, पाल्पा भर लागु हुनेछ ।

ख) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. “स्थानिय तह” भन्नाले तिनाउ गाउँपालिका दोभान,पाल्पालाई सम्झनु पर्छ,

२. “कार्यालय” भन्नले तिनाउ गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय दोभान, पाल्पालाई सम्झनु पर्छ,

३. “शाखा” भन्नाले तिनाउ गाउँपालिका पशु सेवा शाखालाई सम्झनुपर्छ,

४. “सेवा केन्द्र” भन्नाले तिनाउ गाँउपालिका पशु सेवा शाखा अन्तर्गत विभिन्न वडाहरुमा रहेका सेवा केन्द्रहरुलाई सम्झनुपर्छ,

५. “पशु” भन्नाले घरपालुवा वा जंगली पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनुपर्छ,

६. “प्राविधिक” भन्नाले पशु विज्ञान विषयमा कम्तिमा एस ई ई वा सो सरह उतिर्ण गरेको व्यत्तिलाई सम्झनु पर्छ,

७. “विशेषज्ञ” भन्नाले कम्तिमा पशु चिकित्सक, पशु विज्ञान र मत्स्य विज्ञान विषयमा स्नातक उतिर्ण गरेको व्यत्ति सम्झनु पर्छ,

८. “समिति” भन्नाले यस कार्यविधिको अनुसूची-७ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ,

९. “कार्यक्रम” भन्नले चालु आर्थिक वर्षमा संचालन हुने क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ,

१०. “कृषक” भन्नाले कृषि पेशामा संलग्न भई विशेस रुपमा पशुपालन गर्दै आएका व्यक्तिहरूलाई सम्झनु पर्छ,

११. “कृषक समुह” भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या,आवश्यकता र चाहनाहरु भएका न्युनतम् १० वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ,

१२. “सहकारी” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ,

१३. “फर्म” भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ,

१४. “कम्पनी” भन्नाले प्रचलित कानुन अनुरुप दर्ता भएका पब्लिक/प्राइभेट कम्पनिलाई सम्झनु पर्छ,

१५. “अनुदान” भन्नले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागी कार्यालयबाट उपलब्ध गराईने रकम/ जिन्सी/ सेवासुबिधालाई सम्झनु पर्छ,

१६. “अनुदानग्राही” वा “लाभग्राही” भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/ फर्म/ कम्पनी/ समुह/ सहकारी/ संस्थालाई सम्झनु पर्छ,

ग) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

१. पशु सेवा कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।

२. जनचेतना अभिवृद्धि स्वस्थ्य/स्वच्छ पशु तथा पशुजन्य उत्पादन वृद्धि गरी उपभोक्ता समक्ष पुयाउन असल व्यवस्थापन अभ्यासलाई प्रोत्साहन गर्ने ।

३. पशु तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षामा टेवा

पुर्याउने ।

४. प्रविधि हस्तान्तरण मार्फत पशु व्यवसाय लाई व्यवसायीकरण गरि आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

५. पशुजन्य उत्पादनको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकको आयस्तरमा सुधार गर्ने,

६. कार्यक्रमहरु व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने,

घ) सरोकारवाला निकायहरु : यस कार्यक्रमलाई संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिम भूमिका हुनेछ

अ) कार्यालयको भूमिका :

१. स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आहावन गरि मापदण्ड /सूचकहरुको आधारमा प्रस्तावहरुको मुल्यांकन तथा छनौट गर्ने ।

२. यस कार्यविधि अनुसारका कार्यक्रमहरुको संचालन र निरिक्षण गर्ने गराउने ।

३. कार्यक्रम कार्यान्वान्यको अवस्थाको अनुगमन पश्चात कार्य सम्पन्नको आधारमा भुक्तानी गर्ने

४. कार्यालयले प्राविधिक पक्षको सम्भाब्याताको आधारमा नबिनतम प्राविधिको प्रदशन ,बिउ बिजन तथा नश्ल श्रोत स्थापना लगाएतका कार्यक्रमहरु संचालान गर्न सक्ने छ । कार्यक्रममा दोहोरोपना आउँन नदिन र उपलाब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले निमियत अनुगमन गर्ने ।

आ) अनुदान ग्राहिको भूमिका यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने छ :

१. अनुदानग्राहिले कार्ययोजना अनुसार कार्य सम्पन्न गरि प्रचलित कानुन बमोजिम भुक्तानीको लागि आबश्यक कागजात सहितको निवेदन समयसीमा भित्रै पेश गर्नुपर्ने ।

२. जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो ,सोहि कार्यक्रममा मात्र अनुदान प्रयोग गर्नुपिने

३. सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने ।

४. अनुदानग्राही अन्य ,अधिकार ,कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने ।

५. तोकिएको समयमा कार्य सम्पन्न नभएमा लागत वृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन् गएमा त्यसको जिम्मेवारी समन्धित अनुदानग्राहिको हुनेछ ।

## परिच्छेद - २

## “संचालित कार्यक्रमहरु”

पशु सेवा कार्यक्रम : कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

| | **शिर्षक** | **मापदण्ड** | **संचालन गरिने क्रियाकलाप** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **सुधारिएको खोर गोठ** | | | |
| १.१ | गोठ सुधार | कम्तिमा २ वटा दुहुना गाइभैसी भएको हुनुपर्ने | ढलान/ मलमुत्र नाली/खाडल/ दुंड निर्माण, तथा अन्य मर्मत | |
| १.२ | खोर सुधार | कम्तिमा १० वटा माउ बाखा, ३ वटा माउ बंगुर र ३० वटा लोकल कुखुरा भएको हुनुपर्ने | ढलान तथा अन्य मर्मत | |
| १.३ | गोठ निर्माण सहयोग | कम्तिमा ४ वटा गाइभैसी भएको हुनुपर्ने | तोकिएको मापदण्ड अनुसारको निर्माण गर्नुपर्ने, | |
| १.४ | खोर निर्माण सहयोग | कम्तिमा २० वटा माउ बाखा वा ६ वटा माउ बंगुर भएको हुनुपर्ने | तोकिएको मापदण्ड अनुसारको निर्माण गर्नुपर्ने, | |
| १.५ | गोठमा गोबर ग्यास जडान | कम्तिमा ५ वटा गाइभैसी पलेको फर्म हुनुपर्ने | तोकिएको मापदण्ड अनुसारको निर्माण गर्नुपर्ने, | |
| २ | **उन्नत पशु वितरण** | | | |
| २.१ | उन्नत राँगो वितरण | कम्तिमा २० वाट माउ भैसी पालन गरेको समुह/ कलस्टर भएको हुनुपर्ने | उल्लेखित पशुवस्तु वितरण गरिने | |
| २.२ | उन्नत बिउ बोका वितरण | कम्तिमा ४० वटा बाखा भएको फर्म | उल्लेखित पशुवस्तु वितरण गरिने | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनुपर्ने | | |
| ३ | **आधुनिक यन्त्र औजार वितरण** | | | |
| ३.१ | चापकटर | कम्तिमा ३० बाखा वा ४ वटा गाइभैसी भएको फर्म हुनुपर्ने | उल्लेखित समग्री वितरण गरिने | |
| ३.२ | डुंड/टाट्नो | कम्तिमा २० वटा बाखा भएको फर्म हुनुपर्ने | उल्लेखित समग्री वितरण गरिने | |
| ३.३ | साइलेज/ हेबी दाना मेसिन | कम्तिमा 'ख' वर्गका कृषक हुनुपर्ने | उल्लेखित समग्री वितरण गरिने | |
| ४ | **पशु पोषण कार्यक्रम** | | | |
| ४.१ | सुत्केरी पशु पोषण कार्यक्रम | माउ र बाच्चा दुबैको बिमा गरेको र वडा / सहकारीको सिफारिस हुनुपर्ने, | सुत्केरी पशुलाई पोषण सामग्री (क्याल्सियम, मिनरल, मल्टीभिटामिन) वितरण गरिने | |
| ४.२ | घाँस वितरण | कम्तिमा २ वटा गाइभैसी वा बाखा फर्म भएको हुनुपर्ने | आवश्यकता अनुसार घाँसको बिउ वा बेर्ना वितरण गरिने | |
| ५ | **पशु स्वास्थ्य** | | शिविर, औसधि, भ्याक्सिन तथा उपकरण खरिद | |
| ५.१ | स्वास्थ्य शिविर | आवश्यकता अनुसार | आवश्यकता अनुसार गाउँपालिका भित्रका विभिन्न ठाउँमा शिविर संचालन गरिने | |
| ५.२ | औसधि तथा उपकरण खरिद | आवश्यकता अनुसार | शाखामा आवश्यक पर्ने उपकरण (बिमा ट्याग मसिन,ट्याग कटर,सुक्ष्मदर्शक यन्त्र) तथा औषधिहरु खरीद गरिने | |

| | | | | |
|---|---|---|---|---|
| ५.३ | भ्याक्सिन खरिद | आवश्यकता अनुसार | आवश्यक भ्याक्सिन खरिद गरिने | |
| ६ | **प्रसार कार्यक्रम** | | अभिमुखीकरण कार्यक्रम, तालिम | |
| ६.१ | वडाको मागमा आधारित तालिम | पशुपालन सम्बन्धि तालिम हुनुपर्ने | मागमा आधारित पशुपालन सम्बन्धि तालिम गरिने | |
| ६.२ | अगुवा कृषक (समिति) गोष्ठी | | | |
| ६.३ | प्राबिधिकहरुको क्षमता अविवृद्धि तालिम | पालिकामा कार्यरत प्राबिधिक हुनुपर्ने | कृत्रिम गर्भाधान/अन्य प्राबिधिक तालिम | |
| ७ | **व्यवसायिक पशुपालन अभियान** | | अभियानमुखी कार्यक्रम | |
| ७.१ | एक वडामा एक नमुना पशु श्रोत केन्द्र स्थापना | कम्तिमा एक वर्ष देखि व्यवसायिक रुपमा पशुपालन गरेको कम्तिमा 'ग' वर्गको कृषक हुनुपर्ने | सम्भावित फर्मलाई पशु श्रोत केन्द्रको रुपमा परिणत गर्दै लगिने | |
| ७.२ | उत्कृष्ट कृषक पुरस्कार | वडाको सिफारिसका आधारमा छनौट | वडा/ पालिकाको सिफारिसका आधारमा छनौट गरि प्रमाणपत्र तथा पेशा/व्यवसाय सँग सम्बन्धित सामग्री सहित पुरस्कृत गरिने | |
| ७.३ | तथ्यांक संकलन (सूचीकरण) | "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७" अनुसार | | |

## परिच्छेद - ३

## “विविध”

१. कार्यालयको सुचनामा माग भएअनुसारको आवश्यक कागजातहरु सुचनामा उल्लेखित क्रमसंख्या अनुसार मिलाएर फाइलमा ल्याउनु पर्नेछ,

२. लाभग्राही वडा/पालिकाको सिफारिस वा सुचनामा प्राप्त निवेदनका आधारमा छनौट गरिनेछ,

३. यस कार्यविधिमा लेखिएका बुंदा स्थानीय सरकार, प्रदेश सरकार वा संघिय कानुनसँग बाझिन गएमा स्वतः रद्द हुनेछ,

४. यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्चन भएमा सोको निरुपण र कार्यविधि संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहने छ,

५. अन्य प्रक्रिया वा यस कार्यविधिमा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन र गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ,

परिच्छेद - ४

**“अनुसुचिहरु”**

अनुसूची -१ “सूचनाको ढाँचा”

तिनाउ गाँउपलिका

गाँउकार्यपालिकको कार्यालय

दोभान,पाल्पा लुम्बिनी प्रदेश

प्रथम पटक सुचना प्रकाशित मिति : ..........

सुचना ! सुचना !! सुचना !!!

आ.व.२०८०/०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरुमा “ पशु सेवा कार्यक्रम संचालन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया–२०८० ” बमोजिम सहभागी हुन इच्छुक कृषक/समूह/सहकारी /फर्मले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र शाखामा निबेदन दर्ता गर्नुहुन आहवान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.सं. | कार्यक्रम | संचालन हुने क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

साथै यस विषयमा थप जानकारीका लागी तिनाउ गाँउपालिका पशु सेवा शाखाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**अनुसूची -२**

**"निवेदनको ढाँचा"**

श्रीमान शाखा प्रमुख ज्यु
पशु सेवा शाखा
तिनाउ गाँउपालिका ,दोभान ,पाल्पा

विषय : कार्यक्रममा सहभागी गराइदिने सम्बन्धमा ।

महोदय,

उपयुक्त बिषयमा त्यस कार्यलयको मिति २०...।....।... गतेका दिन प्रकाशित सूचना अनुसार म .........(कृषकको नाम )ले यस ……….. (कृषक समूह /सहकारी / फर्म) को प्रतिनिधित्व गरि .................कार्यक्रममा सहभागि हुन इचछुक भएकाले आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन पेश गरेको छु /छौं ।

निवेदकको नामः
फर्म/समुह/ सहकारीको छापः
ठेगानाः
मितिः
सम्पर्क नं.:

संलगन हुनुपर्ने कागजातहरु

१. नेपालि नागरिकताको प्रतिलिपि
२. अनुसुचि २ अनुसारको कागजात सहित निवेदन
३. प्रचलित कानून बमोजिमको दर्ता भएको प्रमाण पत्र(फार्म/सहकारी/समुहको हकमा)
४. जग्गाको लाल पुर्जा / लिजमा लिएको भए सम्झौता पत्र
५. वडाको सिफारिस
६. शैक्षिक योग्यता/तालिम/ अनुभव/ बैदेशिक रोजगारबाट फर्केको प्रमाणित प्रतिलिपि

(नोटः आवश्यकता मुताविकको कागजातहरु थपघट गर्न सकिनेछ ।)

अनुसूची -३

“लाभग्राही छनौटका आधारको नमुना”

| क्र.सं. | विवरण | भार | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|
| १.१ | कार्यक्रम कार्यान्वन स्थलको भौतिक पूवाधारको अवस्था | | | |
| १.२ | जग्गाको स्वामित्व | | | |
| १.२. | निजि जग्गा | | | |
| १.३. | निजि जग्गा भाडामा लिएका | | | |
| २ | व्यवसाय सम्बन्धी अनुभव | | | |
| २.१ | ३ वर्ष भन्दा कम | | | |
| २.२ | ३–५ वर्ष सम्म | | | |
| २.३ | ५ वर्ष भन्दा माथि | | | |
| ३ | प्राविधिक दक्षता/ सम्बन्धित विषयको तालिम | | | |
| ३.१ | ३ दिन अवधि सम्मको तालिम | | | |
| ३.२ | ३–७ दिन अवधि सम्मको तालिम | | | |
| ३.३ | ७–१५ दिन अवधि सम्मको तालिम | | | |
| ३.४ | १५ भन्दा धेरै दिन अवधि सम्मको तालिम | | | |
| ४ | रोजगारीको अवस्था | | | |
| ४.१ | १ जना सम्मले | | | |
| ४.२ | २ जना सम्मले | | | |
| ४.३ | २ भन्दा धेरै जना सम्मले | | | |
| ५ | संस्थागत तरिकाले उत्पादिक वस्तुको बजारीकरण | | | |
| | | | | |

अनुसूची -४

“सम्झौता पत्रको ढाचाँ”

आर्थिक वर्ष २०.../... मा संचालन हुने तिनाउ गाँउपलिका पशु सेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रम................... संचालनका लागि प्रथम पक्ष भनिने तिनाउ गाउँपालिका र दोस्रो पक्ष भनिने ............. बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाः

१. प्रथम पक्षेले लागत साझदारमा......कार्यक्रमको लागि कूल लागत रु..............मध्य अनुदान वापत दोस्रो पक्षलाई रु..........(अक्षरुपी रुपैंयाँ..................) अनुदान/सामाग्री सहयोग प्रदान गर्ने छ ।

२.दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरि मिति ..........भित्र गाउँ पालिकामा बुझाउने छ ।

३.प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ ।

४.कार्यक्रम सम्पन्न भए पश्चातका सबै मर्मत, सम्भार, व्यवस्थापन, जोखिमको तथा सबै प्रकारको दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

५. कार्यक्रमको सञ्चालन दौरान कुनै हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनुपर्ने छ।

६.सम्झौता उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| प्रथम पक्षको छाप | दोस्रो पक्षको छाप | रोहोवरको दस्तखत |
| नाम | नाम | नाम |
| पद | पद | |

इतिसम्वत्................साल...........महिना......................गतेरोज.....शुभम् ।
(नोटः सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।)

## अनुसूची -५
## “कृषि समिति”

१२. कृषि समिति :

(१) यस समिति भित्र रहेको कर्मचारीको तिनाउ गा.पा. सगँ आवद्ध भएसम्म पशु सेवा शाखाबाट हुने सम्पुर्ण कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न जिम्मेवार रहने छन् ।

(२) पशु सेवा शाखाबाट हुने कुनैपनि कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ:

(क) प्रमुख प्रशासकीय अधिकृत: संयोजक

(ख) कार्यक्रम संचालन गर्ने विषयगत शाखा प्रमुख: सदस्य सचिव

(ग) अर्थिक प्रशासन शाखा प्रमुख: सदस्य

(घ) स्टोर शाखा प्रमुख: सदस्य

(ङ) कृषि बिकास शाखा प्रमुख: सदस्य

(च) कार्यक्रम संचालन गर्ने विषयगत शाखाको प्रविधिक (१) जना: सदस्य

(छ) अर्थिक विकास समितिका प्रमुख: सदस्य

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) कार्यकम संचालनको लागि पशु सेवा शाखा तथा स्टोरलाई जिम्मेवारी तोक्ने,

(ख) कार्यक्रम अनुगमन गर्ने र प्रभावकारी कार्यन्वयनका लागी सरोकारवालालाई राय सुझाव दिने,

अनुसूची -६
"कृषक वर्गीकरण"

**तिनाउ गाउँपालिका अन्तर्गतका कृषकहरुलाई व्यवस्थित तथा वर्गीकरण गर्नका लागि आधारहरू**

| **वर्ग** | **बाखा** | **गाईभैंसी** | **बंगुर** | **कुखुरा** |
|---|---|---|---|---|
| क | १०१ वा सोभन्दा बढी | ३१ वा सोभन्दा बढी | ५१ वा सोभन्दा बढी | ३००१ वा सोभन्दा बढी |
| ख | ५१-१०० | २१-३० | ३१-५० | २००१-३००० |
| ग | ३१-५० | ११-२० | २१-३० | १००१-२००० |
| घ | ११-३० | ६-१० | ११-२० | ५०१-१००० |
| ङ | १० वा सोभन्दा कम | ५ वा सोभन्दा कम | १० वा सोभन्दा कम | ५०० वा सोभन्दा कम |

**प्रमाणीकरण मिति : २०८०/०५/१५**

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत